# Diesel Generator (62.KVA)थान १ खरीदको लागि
# सिलबन्दी बोलपत्र आव्हानको सूचना
## (प्रथम पटक प्रकाशित मिति २०७१|०८|२८)

यस बैंकको लागि आवश्यक बोलपत्र फारामसाथ संलग्न Technical Specification अनुसारका **Diesel Generator (62.KVA)**थान १ खरिद गर्नु पर्ने भएकोले सो सामानहरु Supply, Installation / Testing गर्न सक्ने सम्बन्धीत रजिष्टर्ड फर्म, कम्पनी, एजेण्ट तथा अधिकृत बिक्रेताहरुले यो सूचना गोरखापत्रमा प्रथम पटक प्रकाशित भएको मितिले तोकिएको म्याद भित्र यस बिभागमा आई पुग्ने गरी आर्थिक तथा प्राविधिक प्रस्ताव को शिलबन्दी बोलपत्र आव्हान गरिएको छ ।

तपसिल

## बोलपत्रका शर्तहरु:

१) बोलपत्र फाराम दस्तुर रु. १,०००|- (अक्षेरेपी एक हजार) मात्र (फिर्ता नहुने) यस बैंकको शाखा कार्यालय, थापाथली स्थित आम्दानी अन्य (९५९९०२०००) हिसावमा जम्मा गरेको सक्कल अर्धकट्टी भौचर पेश गरेपछि यस बिभागबाट प्राप्त हुनेछ ।

२) बोलपत्र फाराम साथ नविकरण गरिएको फर्म / कम्पनि दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र तथा मूल्य अभिबृदि कर दर्ता प्रमाणपत्र साथै कम्पनीको हकमा प्रबन्धपत्र, नियमावलि, अध्यावधिक गरेको शेयर दर्ता किताबको श्रेस्ता, साझेदारी फर्मको हकमा साझेदार विचको संम्झौता, प्रोप्राईटर, साझेदार, संचालकहरुको नागरिकताको प्रमाणपत्र र कार्यानुभवको प्रमाणहरुको प्रतिलिपी नोटरी पब्लिकबाट प्रमाणित गराई पेश गर्नु पर्नेछ । यसका साथै पछिल्लो ३ (तिन) आ.ब.को लेखापरिक्षण गरिएको नाफा नोक्सान तथा वासलातको प्रमाणित बिवरण समेत पेश गर्नु पर्नेछ ।

३) बोलपत्र साथ आफुले कबोल गरेको कूल रकमको नेपाली नागरीक वा नेपालमा दर्ता भएको संगठित संस्था भएमा कम्तीमा ५% (पाँच प्रतिशत) र बिदेशि संगठित संस्था भएमा कम्तीमा १०% (दश प्रतिशत) ले हुने रकम धरौटी बापत शाखा कार्यालय, थापाथली स्थित अर्नेष्ट मनी (१६१२००००) हिसावमा जम्मा गरेको सक्कल अर्धकट्टी भौचर वा यस बैंक बाहेक अन्य **'क'** वर्गको बाणिज्य बैंकले यस बैंकको नाममा जारी गरेको बैंक ग्यारेण्टी संलग्न गर्नु पर्नेछ । बोलपत्र जमानतको अवधि कम्तीमा १२० (एकसय बिस) दिनको हुनु पर्नेछ ।

४) बोलपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नवाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसूरमा आफूले सजायँ नपाएको भनि लिखित रुपमा गरेको स्व-घोषणापत्र अनिवार्य रुपमा संलग्न गरेको हुनु पर्ने छ ।

५) बोलपत्र स्वीकृत भएपछि अर्डर पाउने बोलपत्रदाताले सूचना पाएको १५ दिन भित्र कबोल अंकको १०% रकम धरौटी वापत यस बैंकको शाखा कार्यालय, थापाथली स्थित सुरक्षीत धरौटी अन्य दायित्व (१६११००००) हिसावमा जम्मा गरि सो को सक्कल अर्धकट्टी भौचर पेश गर्नु पर्नेछ, सो मा कुनै किसिमको ब्याज दिईने छैन । बैंक जमानत पेश गर्नेको हकमा कबोल अंकको १०% प्रतिशत रकम बराबरको यस बैंक बाहेक अन्य **'क'** बर्गको बाणिज्य बैंकबाट जारी भएको बैंकले माग गरेको अवधि सम्मको परफमेन्स बैंक ग्यारेण्टी पेश गरि सम्झौता गर्नु पर्नेछ । सो अनुसार नगरेमा धरौटी वापतको रकम जफत गरी बैंकको कालो सूचिमा राखिने छ । अस्वीकृत बोलपत्रदाताहरुको धरौटी रकम फिर्ता दिईने छ । सो मा ब्याज दिईने छैन ।

६) बोलपत्र पेश गर्दा प्राबिधिक (Technical)र आर्थिक(Financial) गरी दुई प्रकारको भिन्दा भिन्दै प्रस्ताव एकै खाममा सिलबन्दी गरी पेश गर्नु पर्नेछ । साथै प्राबिधिक प्रस्तावमा योग्य अर्थात सफल भएका बोलपत्रदाताको प्रस्ताव लाई मात्र मुल्याङ्कनमा समावेश गरिने छ ।

७) बोलपत्र बैंकले उपलब्ध गराएको निर्धारित ढाँचामा बोलपत्रदाता वा निजको आधिकारिक प्रतिनिधिले रितपूर्वक सहिछाप तथा सिलबन्दी गरी बोपत्रदाता आफैले वा आफ्नो अधिकार प्राप्त प्रतिनिधि मार्फत वा हुलाक वा कुरीयर मार्फत बोलपत्र पेश गर्ने अन्तिम मिति र कार्यालय समय भित्र यस बिभागमा पेश गर्नु पर्नेछ ।

८) बोलपत्र पेश गर्ने अन्तिम दिन बिदा परेमा सो को लगत्तै कार्यालय खुलेको दिन कार्यालय समय भित्र बोलपत्र पेश गर्नु पर्नेछ । सो को भोलिपल्ट बोलपत्र खोलिनेछ ।

९) बोलपत्र फाराममा दररेट अंक र अक्षरमा प्रष्ट लेखिएको हुनु पर्नेछ । केरमेट भएको हुनु हुँदैन । कथं कदाचित अंक र अक्षरमा भिन्नता देखिएमा अक्षरलाई मान्यता दिईने छ ।

१०) सिलबन्दी बोलपत्रका शर्तहरु र अन्य बिस्तृत बिवरणहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

११) प्राप्त बोलपत्रहरु प्रथम पटक सूचना प्रकाशित मितिले ३० औं दिन भित्र खरीद गरी ३१ औं दिन यस बिभागमा दिउँसो १२:०० बजे भित्र दर्ता गरी सक्नु पर्ने छ र सोही दिनको २.०० बजे यस बिभागमा बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ । तर निजहरुको अनुपस्थितिमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

१२) कुनै बोलपत्र आंशिक वा पूर्ण स्वीकृत गर्ने वा नगर्ने अधिकार बैंकमा निहित रहनेछ र सो को कारण उल्लेख गर्न बैंक बाध्य हुने छैन । अन्य बिस्तृत जानकारीको लागि यस बिभागमा सम्पर्क राख्नु हुन समेत सूचित गरिन्छ ।

१३) यसमा उल्लेख नभएका कुराहरु राष्ट्रिय बाणिज्य बैंक लि., आर्थिक प्रशासन बिनियमावलि, २०६८ बमोजिम हुनेछ ।

राष्ट्रिय बाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
...तपाईको आफ्नै बैंक

राष्ट्रिय बाणिज्य बैंक लि.
केन्द्रीय कार्यालय
**सामान्य सेवा विभाग**
फोन नं. ४२५२५९५ Ext. २४११